दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ७ भाद्र २६, २०८० साल

## भाग-२

दुप्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
समुन्द्रटार, नुवाकोट
बागमती प्रदेश, नेपाल

# दुप्चेश्वर गाउँपालिका खेलकूद विकास,सँचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

# दुप्चेश्वर गाउँपालिका खेलकूद विकास,सँचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०५।२५

## प्रस्तावना

दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र रहेका युवाहरुको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी युवाहरुलाई खेलकूदको माध्यमबाट उद्यमी, स्वरोजगार बनाई खेलकूद विकास बिस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकूद क्षेत्रलाई स्वस्थ, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हारजीतलाई सहज रुपमा लिने परीपाटीको विकास गर्दै आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तराष्ट्रिय जगतमा **देशको** पहिचान गराउन, साथै विभिन्न किसिमका खेलकुद सँचालन तथा प्रतियोगीतामा सहभागी हुनका लागी आवश्यक खर्चलाई नियमित तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले दुप्चेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा(१) को अधिनमा रही यो कार्यविधि जारी गरेको छ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार, प्रारम्भः** (१) यस कार्यविधिको नाम " *दुप्चेश्वर गाउँपालिका खेलकूद विकास, सँचालन तथा व्यवस्थापन कार्यविधि, २०८०*" रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "खेलकूद" भन्नाले दुप्चेश्वर भित्र शारिरीक, मानसिक तथा सामाजिक तवरले स्वस्थ बनाउनको लागि आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकूद समेतलाई सम्झनु पर्छ ।

ख. "खेलाडी" भन्नाले बिभिन्न विधाका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडिलाई सम्झनु पर्नेछ ।

ग. "खेलकूद समिति" भन्नाले प्रचलित कार्यविधि बमोजिम गठित दुप्चेश्वर गाउँपालिका खेलकूद विकास समितिलाई सम्झनु पर्छ ।

घ. "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने नगद, जिन्सी तथा अन्य उपहार, सम्मान, पुरस्कारलाई बुझ्नु पर्नेछ ।

ङ. "युवा" भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समुहका युवाहरुलाई सम्झनु पर्दछ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

च. "गाउँपालिका" भन्नाले दुप्चेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई बुझ्नु पर्नेछ ।

छ. कार्यविधी भन्नाले ***दुप्चेश्वर गाउँपालिका खेलकूद विकास, सँचालन तथा व्यवस्थापन कार्यविधि, २०८०*** बुझ्नु पर्नेछ ।

ज. प्रशिक्षक भन्नाले पालिकाद्वारा सँचालित वा सहभागीता जनाउने खेलकुदमा खेलाडीलाई प्रशिक्षण वा सिकाउने व्यक्तिलाई सम्झनु पर्दछ ।

झ. खेलकुद विकास कोष भन्नाले यस पालिकाको प्रचलित कानुन बमोजिम निर्माण गरिएको कोष बुझ्नु पर्नेछ ।

## परिच्छेद-२

## दुप्चेश्वर गाउँपालिकाको खेलकूद विकास समितिको गठन, काम, कर्तव्य र अधिकार

**३. दुप्चेश्वर खेलकूद विकास समितिको गठनः** (१) देहाय बमोजिम दुप्चेश्वर गाउँपालिका खेलकूद विकास समितिको गठन हुनेछ :-

क. अध्यक्ष — गाउँकार्यपालिकाले तोकेको खेलकूद सम्बन्धी विज्ञ वा खेलकुद विकास सँग सम्बन्धीत कार्यपालिकाले तोकेकोजनप्रतिनिधि १ जना

ख. उपाध्यक्ष-गाउँकार्यपालिकाले तोकेको व्यक्ति १ जना

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

ग. सदस्य - दुप्चेश्वर गाउँपालिकाका प्रहरी कार्यालयका प्रतिनिधि १ जना

घ.सदस्य -खेलकूदका बिभिन्न विधाबाट सामुदायिक विद्यालय/दर्ता भएका खेल संस्था तथा क्लवहरु मध्येबाट प्रतिनिधि - ७ जना

ङ. सदस्य सचिव-शिक्षा,युवा तथा खेलकूद शाखा प्रमुख

(२) समितिको ११ सदस्य मध्ये मनोनित सदस्यहरुमा ३३ प्रतिशत अनिवार्य रुपमा महिला सहभागीता रहनेछ ।

(३) खेलकूदका विधाहरुबाट चयन हुने समितिका सदस्यहरु सम्बन्धित निकाय, क्लब वा संस्थाबाट सिफारिस गरिएको हुनु पर्दछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार अन्य विज्ञ तथा व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(५) समितिको अध्यक्ष तथा सदस्यहरुको सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**४. खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकारः** (१) खेलकूद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकूद संचालन तथा व्यवस्थापन गर्ने,

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

ख) विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग) अन्य गाउँपालिका वा गाउँपालिकाले आयोजना गरेका खेलकूद कार्यक्रममा आमन्त्रण गरिएमा दुप्चेश्वर क्षेत्र भित्रका खेलाडी टिम वा क्लवलाई आवश्कता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकूदमा सहभागी र साझेदार बनाउने,

ङ) गाउँपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

च) खेलकूदको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानीय सरकारसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

छ) गाउँपालिकाको परामर्शमा वार्षिक योजना बनाई पेश गर्ने,

ज) गाउँपालिकालाई खेलकूदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

झ) खेलकूद विकासका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतिमा खेलकूद कार्यक्रम सञ्चालन गर्ने,

ञ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने,

ट) ७ देखि ११ जना सदस्य रहने गरी विषयगत गाउँपालिका खेलकूद विकास समिति गठन गर्न सक्ने,

ठ) ७ देखि ९ जना सदस्य रहने गरी वडा स्तरीय खेलकूद समिति गठन गर्न सक्ने,

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

ड) खेलकूदका कार्यक्रमहरुमा दोहोरोपन आउन नदिनको लागि कार्य गर्ने,

ण) खेलमैदान तथा खेलक्षेत्र संरक्षण तथा निर्माण सम्बन्धी कार्य योजना बनाई पेश गर्ने,

त) बाल विकास समुह, जेष्ठ नागरिकलाई समेत खेलको माध्यमबाट स्वस्थ तथा तन्दुरुस्त गराउने कार्यहरु गर्ने,

थ) खेलकूद व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने,

## ५. खेलकूद विकास समितिको कार्यकालः

खेलकूद समितिको कार्यकाल २.५ वर्षको हुनेछ । गाउँ कार्यपालिकाले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ ।

तर दफा ४(१) बमोजिमको समितिमा जनप्रतिनिधिहरु तोकिएको भए निजको पदावधि समाप्त भएमा समितिमा पनि स्वतः पदावधी समाप्त हुनेछ ।

## ६. प्रतिवेदन पेश गर्नेः

क) सम्पन्न भई सकेका खेलकूद, हुन बाँकी खेलकूद तथा खेलकूद सम्बन्धी योजनाहरुको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख) प्रतिवेदनमा आएका विषयहरुलाई गाउँपालिकाले विद्युतिय माध्यमबाट सार्वजनिक गर्नेछ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

## ७. खेलकूदको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनः

क) समग्र विधाको खेलकूदको संरक्षण, सम्बर्धन, प्रवर्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

ख) खेलकूद सम्बन्धी सम्पूर्ण काम र गतिविधि गरिने कार्य यसै कार्यविधि बमोजिम गठित समितिले गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले अवश्यक बजेट व्यवस्थापन गर्नेछ ।

## ८. खेलकूद विकास संरक्षण समितिः

क) खेलकूदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछः-

संरक्षक- गाउँपालिका अध्यक्ष १ जना

सदस्य- सामाजिक विकास समितिको संयोजक १ जना

सदस्य- कार्यपालिका सदस्यहरु मध्येबाट २ जना मध्ये १ जना महिलासहित २ जना

सदस्य- गाउँ प्रहरी प्रमुख १ जना

सदस्य- गाउँ कार्यपालिकाले तोकेको खेलकूद क्षेत्रमा योगदान पुऱ्याएका विशिष्ठ व्यक्ति १ जना

सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत १ जना

ख) खेलकूद विकास संरक्षण समितिले खेलकूद विकास समितिलाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशनलाई पालना गर्नु खेलकूद विकास समितिको कर्तव्य हुनेछ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

# परिच्छेद-३

## आचारसंहिता

**९. आचारसंहिताः** खेल सम्बन्धी विषयका खेलाडी समिति अध्यक्ष तथा सदस्य, कर्मचारी, गाउँ कार्यपालिका र सभासदले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ ।

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागू औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर प्रशिक्षण कक्षा सञ्चालन गर्न दर्ता नभएका टिमलाई सामेल गराउन सकिनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ । साथै खेलमा सहभागी समेत गराइने छैन ।

ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहिँ कतै बेच्ने धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै

दर्तावाला क्लब विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफि गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार ब्यक्तिको अधिनमा राख्न पाइने छैन । तर संरक्षण गर्न वाधा पर्नेछैन ।

छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रर्शदन गर्न पाउनेछन् तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी कार्टून, चित्रकारीता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र ब्यवहार गर्न पाईने छैन ।

झ) खेलको प्रतिस्पर्धाका निम्ति गाउँपालिकाको स्वीकृति र इजाजतबिना आफ्नो टिमको नाममा जबरजस्त चन्दा उठाउन पाइने छैन ।

ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाएको चन्दा संस्थाको अम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सुचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारि दिएर मात्र स्वतन्त्र ढंगले खेल संचालन गर्न पाउनेछन् ।

**१०. सौजन्यताः** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल संचालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । तर गाउँपालिकाले स्वीकृति नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-४

## ११. दर्ता, नविकरण र विघटन

क) गाउँपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकूदसँग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नु पर्नेछ । खेलकूदसँग सम्बन्धित दर्ता नभएका संस्था वा क्लव संचालन गर्न गाउँपालिकाले स्वीकृति दिने छैन ।

ख) संस्था दर्ता र विधान स्वीकृतिको लागि अनुसूचीको १- ढाँचामा निवेदन दिनु पर्नेछ ।

ग) संस्था दर्ता र विधान स्वीकृतिको लागि निवेदन पर्न अएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूची-को ढाँचामा प्रमाणपत्र द २िनु पर्नेछ । सोही प्रमाण पत्रमा

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारिले दस्तखत गरी नविकरण गर्नुपर्नेछ ।

घ) पहिले नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सुचिकृतको लागि अनुसूचीदन को ढाँचामा लिखित निवे ३- दिनु पर्नेछ ।

ङ) सूचीकृत भएका संस्थाहरुलाई अनुसूचीबमोजिम ४- प्रमाणपत्र दिईनेछ । सोही प्रमाणपत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सहि गरी नविकरण गर्नुपर्नेछ ।

च) प्रत्येक वर्षको श्रावण मसान्तभित्र सबै दर्तावाला वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

छ) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ ।

## परिच्छेद- ५
## खेलकुद प्रतियोगिता सँचालन

**१२.** गाउँपालिका खेलकुद समिति आफैले वा गाउँपालिकामा नियमानुसार दर्ता भएका टिम क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगीता सँचालन गर्न वा गराउन सकिन्छ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

१३. गाउँपालिका खेलकुद समिति आफैले वा नगरभित्रका टिम, क्लवहरु मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टीमसँग मैत्रीपुर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

## परिच्छेद- ६
## खेलकुद प्रतियोगिता व्यवस्थापन

**१४.** गाउँपालिकामा नियमानुसार दर्ता भएका क्लव, टिम सँघ सँस्थाहरुले तोकिएको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सँचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँखेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

क. वडाव्यापी प्रतियोगिताको लागी (बर्षमा १ पटकका लागी ) बढिमा रु. १०००० सम्म

ख. गाउँपालिकाव्यापी प्रतियोगिताको लागी (बर्षमा १ पटकका लागी ) बढिमा रु. २०००० सम्म

ग. जिल्लाव्यापी प्रतियोगिताको लागी (बर्षमा १ पटकका लागी ) बढिमा रु. ५०००० सम्म

घ. प्रदेशव्यापी प्रतियोगिताको लागी (बर्षमा १ पटकका लागी ) बढिमा रु. १००००० सम्म

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

ङ. राष्ट्रियस्तरको प्रतियोगिताको लागी (बर्षमा १ पटकका लागी ) बढिमा रु. २००००० सम्म

## परिच्छेद- ७

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

**१५.** गाउँपालिकाले राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

१६. खेलकुद विकासका लागी पालिकाद्वारा सभा, सम्मेलन गोष्ठि गर्न वा गराउन सकिनेछ ।

१७. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवँ अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

## परिच्छेद- ८

**१८.** गाउँपालिकाको निर्णय अनुसार तोकिएको प्रतियोगीतामा सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

क. प्रतियोगितामा भाग लिन जादा आउँदा **पारवहान, बस्न तथा खाना, खाजाका** लागी अन्य तोकिएको अन्य कार्यक्रमको मापदण्ड सरह खर्च उपलब्ध गराईनेछ ।

ख. **खेलकुद पोशाकहरु** जुत्ता मोजाको हकमा प्रति खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई बढीमा रु २७०० बराबरको सुविधा उपलब्ध गराईने छ ।

ग. राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई प्रतियोगिता सँचालन अवधीभर कार्यपालिकाले अनुमोदन गर्ने गरी प्रतिदिन **रु १०००का** दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

घ. खेलाडीहरुको थप प्रोत्साहनका लागी सम्भव भएसम्म गाउँकार्यपालिकाद्वारा स्वीकृत गरी तथा तत्काल सम्भव नभएमा पछी कार्यपालिकाबाट अनुमोदन गर्नेगरी जिल्लास्तरीय, प्रदेशस्तरीय तथा राष्ट्रिय खेलकुद प्रतियोगिता सँचालनकै समयमा पालिकाको आर्थिक क्षमता तथा स्रोतलाई मध्यनजर गरी **प्रोत्साहन रकम घोषणा** गर्न सकिनेछ ।

ङ. जिल्लास्तरीय, प्रदेशस्तरीय तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी खेलाडीलाई प्रशिक्षण प्रदान गर्न १ जना प्रशिक्षक तथा १ जना सहायक प्रशिक्षक क्रमशः जिल्लास्तरीय प्रतियोगिताको लागी

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

बढिमा १ हप्ता , प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको लागी बढिमा १५ दिनको लागी  तथा राष्ट्रिय खेलकुद प्रतियोगिताको लागी बढिमा १ महिनाको लागी  गाउँपालिकाले सेवा करारमा सम्झौता गर्न सक्नेछ साथै प्रशिक्षकलाई प्रतिदिन **रु १५००** सम्म सेवा सुविधा उपलब्ध हुनेछ।

च. प्रतियोगीतामा सहभागी हुने खेलाडीहरुलाई तालिम। प्रशिक्षण आवश्यक हुने भनि खेलकुद समितिबाट निर्णय भएमा तालिम अवधिभर प्रतियोगिता सँचालनकै समयको सरह **खान र बस्नको** व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद- ९

## गाँउ खेलकुद विकास कोषको व्यवस्था

**१९.** खेलकुद सम्बन्धी तालिम प्रशिक्षण प्रतियोगिता लगायतका क्रियाकलापका लागी गाउँपालिकामा गाउँखेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

**२०.** कोषका स्रोतहरु देहायबमोजिम हुनेछनः

**क.** नेपाल सरकार राष्ट्रिय खेलकुद परिषद जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय सँस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने रकम

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

**ख.** विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी सँलग्न भएको रकम

**ग.** विभिन्न प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना शुल्क

**घ.** गाउँपालिका भित्रका टिम क्लव दर्ता आवेदन शुल्क नविकरण शुल्क फारम शुल्क

२१. यस कोषको सँचालन नियमानुसार हुनेछ ।

## परिच्छेद- १०

## विविध

२२. **जरिवानाः** दर्ता भएका खेलकूद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा गाउँपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ ।

२३. पाँच वर्ष भन्दा बढी समयसम्म पिन नविकरण नगर्ने संस्थालाई सूचीबाट हटाइनेछ । यसरि समयमै नविकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिहरुको अर्कै संस्था दर्ता गरिने छैन ।

२४. समयमै नविकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

**२५. संस्थाको विघटनः** दर्ता भएको खेलकूदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्ने छन-

क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख) लगातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा,

ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत-विक्षत भएमा ।

**२६. विघटित संस्थापक सम्पत्तिः** विघटित भएको संस्थाको सम्पत्ति गाउँपालिकाका मातहतमा रहनेछन ।

२७.**बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार दुप्चेश्वर गाउँ कार्यपालिकालाई हुनेछ ।

२८.**संशोधनः** यस कार्यविधिमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकालाई हुनेछ।

**२९. खारेजी र बचाउः** यस अघि प्रचलित खेलकूद सम्बन्धित निर्णय र नीति नियमहरु खारेज हुनेछ । यस अघि भएका खेलकूदका गतिविधिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

**अनुसूची-१**

**(दफा ११ को उपदफा ख सँग सम्बन्धित)**

मितिः...............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
दुप्चेश्वर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
समन्द्रटार, नुवाकोट ।

**विषयः संस्था दर्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा, म हामीले/तपसिलमा उल्लिखित बिवरण अनुसारको खेलकूद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन गरेको छुछौं/ । नियमानुसार संस्था दर्ता गरिदिनु हुन सादर अनुरोध छ ।

संस्थाको नामः.......................................................

संस्थाको कार्यालय रहने स्थानः दुप्चेश्वर गाउँपालिका वडा नं.........

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

टोलको नामः........................................................

| सचिव | अध्यक्ष |
| --- | --- |
| नामः........................... | नामः........................... |
| मितिः.......................... | मितिः.......................... |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः**

क) संस्थाको विधानको मस्यौदा,

ख) आवेदन र समितिका पदाधिकारीहरुको नेपाली नागिरकताको प्रतिलिपी,

ग) संस्थाको छापको नमूना

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

**अनुसूची -२**

**(दफा ११ को उपदफा 'ग' सँग सम्बन्धित)**

दुप्चेश्वर गाउँपालिका,

# गाउँ कार्यपालिकाको कार्यालय

समन्द्रटार, नुवाकोट ।

# संस्था दर्ता प्रमाण-पत्र

संस्थाको नामः..............................................

ठेगानाः.......................................................

दर्ता हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लिखित बिवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण-पत्र प्रदान गरिएकोछ । **दुप्चेश्वर गाउँपालिका खेलकूद विकास, सँचालन तथा व्यवस्थापन कार्यविधि, २०८०**को अधिनमा रही खेलकूद सम्बन्धि गतिविधिहरु गर्ने अनुमति दिइएको छ ।

.......................................................

प्रमुख प्रशासकीय अधिकृत

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

**अनुसूची -३**

**(दफा ११ को उपदफा 'घ' सँग सम्बन्धित)**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
दुप्चेश्वर गाउँपालिका,
समुन्द्रटार, नुवाकोट ।

**विषयः संस्था सूचीकृत गरिदिनु हुन ।**

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सुचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गराइदिनु हुन अनुरोध गर्दछौं ।

**संलग्न कागजातहरु**

क) दर्ता प्रमाणपत्र
ख) संस्थाको विधान
ग) गत आ व को लेखा परिक्षण प्रतिवेदन
घ) कर चुक्ता प्रमाणपत्र
ङ) समितिको निर्णय

**दुप्चेश्वर गाउँपालिका खेलकूद विकास,सँचालन तथा व्यवस्थापन कार्यविधि, २०८०**

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नामः................................ | नामः.......................................... |
| हस्ताक्षरः........................ | हस्ताक्षरः.................................... |
| मितिः................................ | मितिः.......................................... |

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

**अनुसूची -४**

**(दफा ११ को उपदफा 'ङ' सँग सम्बन्धित)**

श्री दुप्चेश्वर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

समन्द्रटार, नुवाकोट ।

# संस्था सूचीकृत प्रमाणपत्र

संस्थाको नामः...........................................................

ठेगानाः...................................................................

दर्ता हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लिखित विवरण भएको संस्था सुचिकृत गरी प्रमाणपत्र प्रदान गरिएको छ ।**दुप्चेश्वर गाउँपालिका खेलकूद विकास, सँचालन तथा व्यवस्थापन कार्यविधि, २०८०** र विधानको अधिनमा रही खेलकूद सम्बन्धि गतिविधिहरु संचालन गर्न दिइएको व्यहोरा अनुरोध छ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची -५**
**(दफा ११ को उपदफा 'च' सँग सम्बन्धित)**

मितिः..........................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
दुप्चेश्वर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
समन्द्रटार, नुवाकोट ।

## विषयः संस्था नविकरण गरी पाउँ ।

दुप्चेश्वर गाउँपालिका वडा नं........... स्थित ..................................नामक संस्था यस गाउँपालिकामा दर्ता/सूचीकृत भई खेलकूद सम्बन्धी गतिविधिहरु संचालन गरी रहेको हुँदा तपसिल बमोजिमका कागज पत्र संलग्न राखी नविकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु/छौं ।

..................................................
निवेदक

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

आर्थिक वर्ष........................को संस्था नवीकरण भएको प्रमाणपत्र साथ आवेदन गरेको छ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

क. आर्थिक वर्ष..............को लेखापरीक्षण प्रतिवेदन,

ख. संस्थाको वार्षिक गतिविधि, भावी योजना र बजेट ।

# संस्था नवीकरणको विवरण

| क्र.स. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही | गा.पा.को छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

भाग २ खण्ड ७ संख्या ६ मिति २०८०/०५/२६

आज्ञाले

दिपेश रिजाल

प्रमुख प्रशासकीय अधिकृत